ALiGN | Advancing Learning and Innovation on Gender Norms

संक्षिप्त नोट

# नेपालको स्थानीय निर्वाचनमा महिला उम्मेदवारको मनोनयन र चुनिने सम्भावना




नेपाल इन्स्टिच्युट फर पोलिसी रिसर्च (निपोर)

जुलाई २०२३

www.alignplatform.org

# निपोरबारे

नेपाल इन्स्टिच्युट फर पोलिसी रिसर्च (निपोर) स्वतन्त्र र निष्पक्ष अनुसन्धानमुखी संस्था हो । यो नेपालको राजधानी काठमाडौँमा छ । निजी तथा सार्वजनिक क्षेत्रमा आमनागरिक तथा आलोचनात्मक दृष्टिचेतका सरोकारवालासँग नेपाल तथा एसियाका समकालीन योजना र विकासका सन्दर्भमा तथ्य आधारित बहस निर्माणमा निपोर समाहित छ । अझ भन्दा, हाल यस संस्थाले योजना निर्माणका उच्च प्राथमिकतामा चारवटा अनुसन्धान केन्द्रमार्फत् काम गरिरहेको छ । ती चार संस्था यसप्रकार छन् — सेन्टर फर न्यु इकोनोमी एन्ड इन्इक्वेलिटी (सीएनईआई), सेन्टर फर स्ट्राटेजिक अफेयर्स (सीएसए), सेन्टर फर गभर्नेन्स स्टडिज (सीजीएस) र सेन्टर फर ह्युमन डेभलपमेन्ट (सीएचडी) । निपोर टोली सदस्यहरु विविध शैक्षिक पृष्ठभूमि, पेशागत पृष्ठभूमि र भौगोलिक विविधताबाट समेटिएका छन् । संस्थाले संसारभरका विश्वविद्यालयमा दीक्षित तथा  परिवेशका अनुसन्धाताको सहयोगका साथ आफ्नो योजना तथा अनुसन्धान विश्लेषणमा बहुविषयक अवधारणा प्रयोग गर्छ । निपोरका प्रमुख पहलहरुमा नेपाल कम्पिटिटिभनेस इन्डेक्स (एनसीआई), नेपाल रिस्क आउटलुक (एनआरओ) र डिप्लोम्याट्स फोरम हुन् ।

**वेबसाइट :** nipore.org

# आभार

राजनीतिमा नेपाली महिलाको आबद्धता विरुद्धका विभेद चिर्न ‘नेपालको स्थानीय निर्वाचनमा महिला उम्मेदवारको मनोनयन र चुनिने सम्भावनाको अध्ययन’का लागि अनुसन्धान गर्ने अवसर र स्रोत प्रदान गरेकोमा *एडभान्स लर्निङ एन्ड इन्नोभेसन इन जेन्डर नर्म्स* (अलाइन) प्रति निपोर आभारी छ ।

यस अध्ययनमा जोडिनुभएका अनुसन्धाता अंकुर श्रेष्ठ, अनुसा बस्नेत, विनीता नेपाली, सगुन भेटवाल र सम्झना कार्कीको काम तारिफयोग्य छ । हामी उहाँहरुप्रति कृतज्ञ छौँ । थप, बाबुराम निरौला, सन्तोष शर्मा पौडेल, शोभित सुवेदी, सुरथ पोखरेलले टोलीलाई निरन्तर मार्गनिर्देश गर्नु भएकोमा उहाँहरुप्रति पनि आभारी छौँ । अनुसन्धान परियोजनामा सहयोगका लागि विजय खड्का र शास्ता कंशाकारप्रति पनि थप आभार ।

उपयुक्त टिप्पणी तथा सुझाव दिएर अध्ययनलाई थप बलियो बनाउन सहयोग गर्नु भएकोमा पाओला पेरेज्नेइटो र जाँ मिचाल्कोलाई पनि हाम्रो धेरै धन्यवाद । अध्ययनका क्रममा यसको अभिन्न पाटो भएर सघाउने तथा गहकिलो विचार राखी मद्दत गर्नु भएकोमा उत्तरदाताहरुलाई पनि हाम्रो थप आभार ।

# प्रमुख निष्कर्षहरु

- नेपालका प्रमुख राजनीतिक दलहरुले उम्मेदवार छनौट प्रक्रिया लैंगिक रुपमा निष्पक्ष हुने दाबी गरेपनि प्रतिस्पर्धात्मक सिटका लागि भने महिलालाई कम छनौटमा पार्छन् । राजनीतिक दलले अपनाएका त्रुटिपूर्ण मनोनयन प्रक्रिया र छनोटमा पुरुष–पक्षधरता बढी हुनु नै यसको प्रमुख कारण हो ।

- महिलाले भन्दा पुरुषले जित्ने सम्भावना धेरै हुन्छ भन्ने परम्परागत रुढीवादी विचारका बाबजुद महिला उम्मेदवारले पनि प्रतिस्पर्धात्मक सिटमा पुरुषले जत्तिकै नतिजा देखाए ।

- मनोनयन प्रक्रियामा मात्रै गएर महिलामाथिको विभेद अन्त्य हुँदैन । कुनै महिला निर्वाचनमा विजयी भए पनि लैंगिक मापदण्डमा आधारित विविध व्यवहार पनि खेप्न पर्छ (जस्तै, महिलालाई प्रमुखको रुपमा नस्वीकार्ने आम मानसिकता) । यस्तो मानसिकताले स्थानीय सरकारको प्रमुख वा सदस्यका रुपमा महिलाले गर्ने काममा प्रत्यक्ष असर गछ ।

# प्रमुख अवधारणाहरु

**प्रमुख राजनीतिक दल :** संघीय निर्वाचनको प्रत्यक्ष निर्वाचन पद्धतिबाट कम्तिमा एक सिट जितेको र कुल मतको तीन प्रतिशत थ्रेसहोल्ड पार गरेको दल नै राष्ट्रिय राजनीतिक दल हो भन्ने बुझाउँछ ।

**शासन संरचना :** यसले नेपालको संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाको शासन पद्धतिलाई जनाउँछ जसमा संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार हुन्छन् ।

**स्थानीय तहको निर्वाचन :** भन्नाले सन् २०१५ मा नयाँ संविधान जारी भएसँगै नेपालले अवलम्बन गरेको संघीय संरचनामा सन् २०१७ र सन् २०२२ मा भएका दुईवटा स्थानीय तहका निर्वाचनलाई जनाउँछ ।

**प्रमुख :** भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाका प्रमुख तथा गाउँपालिहरुका प्रमुखलाई जनाउँछ ।

**उप–प्रमुख :** भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाका उपप्रमुख तथा गाउँपालिकाहरुका उपप्रमुखलाई जनाउँछ ।

**पालिका :** भन्नाले स्थानीय प्रशासन अन्तर्गतका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाका तथा गाउँपालिकाहरुलाई जनाउँछ ।

ALiGN

# विषयसूची


| | |
|---|---|
| निपोरबारे | |
| आभार | |
| प्रमुख निष्कर्षहरू | |
| प्रमुख अवधारणाहरू | |
| पृष्ठभूमि | 1 |
| उद्देश्य | 3 |
| अध्ययन विधि | 4 |
| सीमितता | 6 |
| नतिजा र विश्लेषण | 6 |
| निष्कर्ष | 13 |
| सुझाव | 15 |
| थप अनुसन्धानका लागि बाटो | 16 |
| सन्दर्भ सूची | 17 |
| अनुक्रमणिका | 19 |

# पृष्ठभूमि

संसारभरका राजनीतिक व्यवस्थामा पुरुषको वर्चस्व छ । तथ्यांकका अनुसार विश्वभरका तल्ला र माथिल्ला सदनका संसद्मा महिलाको जम्मा संख्या २६.८ प्रतिशत छ (IPU, 2023) । महिलाको उम्मेदवारीलाई लैंगिक रुढिवादको आँखाबाट हेरिन्छ । राजनीतिको मैदान पुरुषको लागि मात्रै हो भन्ने मानसिकता अद्यापि कायम छ ।

विभिन्न अध्ययनका अनुसार मतदाताले महिलाले निर्वाचन जित्ने कम सम्भावना देख्छन् । संयुक्त राज्य अमेरिकामा भएको पूर्वअध्ययनका अनुसार मतदाताले पनि पुरुष भन्दा महिला उम्मेदवारले जित्ने सम्भावना कम देख्छन् (Bateson, 2020) । अझ, मतदातामा व्यावहारिक रुपमा देखिने पूर्वाग्रह समेत हुन्छ भन्ने अन्य अनुसन्धानले पनि देखाउँछन् । जस्तै, Corbett et.al, (2022) को अध्ययनले पुरुषले भन्दा महिलाले निर्वाचन जित्ने सम्भावना कम भएकाले महिलालाई मत दिने मानसिकता बनाए पनि अन्ततः महिलालाई भोट नहाली मतदाता फर्कन्छन् । संयुक्त अधिराज्य बेलायत तथा संयुक्त राज्य अमेरिकामा महिलाको उम्मेदवारी र चुनिने अवसरको संरचनाबारे भएको एक अध्ययनले देखाउँछ, महिलाप्रतिको परम्परागत विचारधाराले तिनले निर्वाचनमा भाग लिने तथा जित्ने क्षमतालाई असर गर्छ (Welch and Studler, 1996) ।

अझ भन्दा, महिलाले राजनीतिक दलबाटै चुनौतीको सामना गर्नुपर्छ, जसमा प्रवेशका औपचारिक र अनौपचारिक खालका अवरोधका साथै, अपारदर्शी मनोनयन प्रक्रिया, हिंसा तथा पुरुषत्वका बान्कीहरु छन् (Brechenmacher and Hubbard, 2020) । मतदातामाझ लोकप्रिय छवि, सक्षम व्यक्तित्व तथा अन्य राम्रा गुणको साटो राजनीतिक दलले प्राथमिकतामा राख्ने क्षतिपूर्ति, तहगत प्रक्रिया (हाइरार्की) र नियन्त्रणका कारणहरु पनि महिलाका लागि तगारो बनेका छन् (Tamang et.al., 2022) ।

नेपालको राजनीतिक व्यवस्था पटकपटक परिवर्तन भएपनि यसमा पुरुषको व्यापक प्रभुत्व छ । संवैधानिक व्यवस्थाका कारण भने राजनीतिमा महिलाको सहभागितामा महत्वपूर्ण सुधार त भएको छ तर गुणकारी लैंगिक प्रतिनिधित्वको बाटो अझै बाँकी छ । सन् २०२२ मा भएको नेपालको संघीय निर्वाचनमा २७२ कुल निर्वाचित प्रतिनिधिसभा सदस्य मध्ये ९१ जना (३३.१ प्रतिशत) महिलाहरु छन् । यी मध्ये ९ जनामात्र प्रत्यक्ष निर्वाचित महिला सांसद् हुन् भने बाँकी समानुपातिक पद्धतिबाट निर्वाचित छन् (Election Commission, 2022) ।

महिला सांसद्को संख्या बढ्नुको प्रमुख कारण (सन् १९९१ देखि २०२२ सम्मको तथ्यांक तालिका १ मा हेर्नुहोस्) ३३ प्रतिशत महिला सहभागिता हुनै पर्ने कानुनी प्रावधानले सम्भव भएको हो (MOWCSC, 2020) । संख्यात्मक रुपमा महिलाको प्रतिनिधित्वको आकार बढेको देखिए पनि, नेतृत्व तथा निर्णय प्रक्रियामा अझै पनि पुरुषहरु नै अघि छन् जुन राजनीतिमा महिलाको सहभागिता र अभिवृद्धिको मूल तगारो भएको पुष्टि भएको छ । दलले निर्वाचनमा भाग लिने व्यक्ति चुन्ने संसदीय व्यवस्थामा यो कुरा महत्त्वपूर्ण छ ।

## राष्ट्रिय राजनीतिक सन्दर्भ

गएका केही दशकयता नेपालका राजनीतिक परिदृश्यमा व्यापक परिवर्तन आएका छन् । राजतन्त्रात्मक शासन व्यवस्थाबाट मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण भयो । यी सम्पूर्ण राजनीतिक उथलपुथलमा महिलाहरु सक्रिय रुपमा सहभागी थिए (Upreti et.al, 2020) । यद्यपि, औपचारिक राजनीतिक व्यवस्थामा भने तिनै महिलाको सहभागिता सङ्कुचनमा छ ।

जस्तै, सन् १९५९ को आमचुनावका बेला कुल ७८६ उम्मेदवारमध्ये ६ जनामात्रै महिला थिए तर कोही पनि महिलाले चुनाव भने जितेनन् । सन् १९९० मा जारी भएको नेपालको संविधानले एउटा व्यवस्था सुरु ग¥यो — “निर्वाचन लड्ने कुनै पनि संस्था वा दलका कुल उम्मेदवारमध्ये पाँच प्रतिशत संख्या महिलाको हुनै पर्ने छ ।” (The Constitution of Nepal, 1990) । सन् २००७ मा जारी भएको अन्तरिम संविधानले पनि एकतिहाई सांसद् महिला हुनुपर्ने प्रावधान सुनिश्चित गरेको थियो तर त्यसले पाँच प्रतिशत महिला उम्मेदवार हुनुपर्ने व्यवस्था भने हटायो (Interim Constitution 2007, Article 63 (5)) । यो समानुपातिक तथा पहिलो हुनेले जित्ने व्यवस्थाको संयोजनमार्फत सुनिश्चित गरियो । नेपालको संविधान, २०१५ ले पनि उक्त व्यवस्था लागू गर्‍यो । थप, स्थानीय तह

निर्वाचन ऐन, २०१७ ले समेत दलले स्थानीय तहका प्रमुख तथा उपप्रमुखमा कुनै पनि राजनीतिक दलले उठाएका जनप्रतिनिधिमध्ये एकजना महिला हुनैपर्ने व्यवस्था गर्‍यो (स्थानीय तह निर्वाचन ऐन, १७ (४)) ।

सन् १९९० यता नेपालका आमनिर्वाचनमा महिलाको उम्मेदवारी तथा विजयबारे तलको तालिकामा देखाइएको छ :

**तालिका संख्या १ : नेपालका आमनिर्वाचन(संघीय निर्वाचनसहित)मा महिला उम्मेदवारको संख्या तथा विजयी संख्या**

| निर्वाचनको वर्ष | महिला उम्मेदवारको संख्या | महिला उम्मेदवारको प्रतिशत | महिला उम्मेदवारको संख्या | महिला सांसद्को प्रतिशत |
|---|---|---|---|---|
| सन् १९९१ | ८१ | ६.०२ | ६ | २.९२ |
| सन् १९९४ | ८६ | ५.९६ | ७ | ३.४१ |
| सन् १९९९ | १४३ | ६.३४ | १२ | ५.८५ |
| सन् २००८* | ३२६ | १०.४१ | ३० | ८.९६* |
| सन् २०१३* | ६०३ | १२.०३ | १० | २.९९ |
| सन् २०१७* | १४६ | ७.४८ | ६ | ३.६३ |
| सन् २०२२* | २२४ | ९.२९ | ९ | ५.४५ |

*स्रोत : Election Commission, 2017 (सन् १९९१ देखि २०१३ सम्मका लागि), Election Commission, 2018 (सन् २०१७ का लागि), Election Commission, 2022b (सन् २०२२ का लागि)*

**पहिलो हुनेले जित्ने निर्वाचन व्यवस्थाका लागि मात्र*

**सन् २००८ निर्वाचनका हिसाबमा नौलो वर्ष भयो, किनभने योबेला धेरै नै (८.९६ प्रतिशत) महिला उम्मेदवार विजयी भए । यसको कारण के थियो भने, त्योबेला नेकपा, माओवादी (हाल नेकपा, माओवादी केन्द्र)ले आफ्नो पार्टीमा समावेश पूर्व लडाकु महिलालाई ठूलो संख्यामा निर्वाचनमा प्रतिस्पर्धाका लागि मनोनयन गरेको थियो ।*

राजनीतिक दलभित्र पनि महिलाहरुको सहभागिता सीमित छ । महिलाको झिनो संख्या मात्रै दलको नेतृत्व तहमा पुगेका छन् । प्रमुख राजनीतिक दलमा कोही पनि महिला अध्यक्ष वा उपाध्यक्ष भएका छैनन् । सन् २०१५ मा संघीय शासन पद्धति अँगालेपछि मात्र राजनीतिमा महिला प्रतिनिधित्वको सवालमा उल्लेख्य प्रगति भएको हो जसका लागि देशको कानुनी प्रावधानको ठूलो भूमिका रहेको छ ।

नेपालको राजनीतिक व्यवस्था तीन तहमा बाँडिएको छ — संघीय, प्रादेशिक र स्थानीय तह । संघीय संसद्मा राष्ट्रिय सभा तथा प्रतिनिधि सभा छन् जो राष्ट्रिय सुरक्षा तथा रक्षा, मुद्रा तथा वित्तीय कामकाज र परराष्ट्र सम्बन्धका लागि जिम्मेवार हुनुका साथै अन्तर—प्रादेशिक मामिलामा पनि संलग्न हुन्छन् । नेपालको संविधानको धारा ८४ उल्लेख गर्छ — “संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तिमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ ।” (Constitution of Nepal, 2015) ।

## स्थानीय राजनीतिक सन्दर्भ

नेपालमा कुल ७५३ स्थानीय तह छन् जसमा महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका पर्छन् जसलाई सामुहिक रुपमा पालिका पनि भनिन्छ । संघीयता कार्यान्वयन भएपछि स्थानीय तहमा योजना बनाउन तथा सेवा प्रवाह गर्न पालिकाहरुले थप शक्ति पाएका छन् । स्थानीय बासिन्दाको आवश्यकताबारे स्थानीय तह नै बढी जानकार हुने हुनाले पनि मुलुकको विकासका लागि यो निकै महत्वपूर्ण रहेको छ ।

स्थानीय तहमा समावेशिता सुनिश्चित गर्न विभिन्न कानुनहरु बनेका छन् । स्थानीय तह निर्वाचन ऐन २०१७ को १७ (४) अनुसार स्थानीय तहका प्रमुख तथा उपप्रमुखमा राजनीतिक दलले उठाएका जनप्रतिनिधिमध्ये एकजना महिला हुनै पर्छ । यद्यपि,

यी दुई पदमा राजनीतिक दलले एकमात्रै उम्मेदवार उठाए त्यसमा महिलाको उम्मेदवारी हुनै पर्ने बाध्यकारी व्यवस्था भने छैन Election Commission, 2017a) ।

तलको तालिकाले सन् २०१७ र २०२२ को स्थानीय तह निर्वाचनमा प्रमुख तथा उपप्रमुख पदमा महिला उम्मेदवारको मनोनयन देखाएको छ । २०१७ को तुलनामा २०२२ को स्थानीय तह निर्वाचनमा महिलाको उम्मेदवारी संख्या धेरै नै घटेको तथ्यांकले देखाउँछ ।

**तालिका २ : स्थानीय तहको निर्वाचनमा मनोनित महिलाको संख्या**

| वर्ष | प्रमुख पद (कुल मनोनितको प्रतिशत) | उपप्रमुख (कुल मनोनितमध्येको प्रतिशत) |
|---|---|---|
| **२०१७** | ३६८ (६.३) | ३५९१ (८२.२९) |
| **२०२२** | ३६१ (८.१) | ३०६६ (८०.७) |

*स्रोत: Shrestha and Phuyel, 2019 (२०१७ का लागि), Election Commission, 2022c (२०२२ का लागि)*

नेपालले महिलाको राजनीतिक प्रतिनिधित्वमा उल्लेख्य प्रगति गरेपनि महिलालाई निर्वाचनमा प्रत्यक्ष मनोनयन गर्न राजनीतिक दल अझै पनि हिचकिचाउँछन् । जति गर्छन्, महिला समावेश गराउनै पर्ने बाध्यकारी कानुनी प्रावधान मान्न मात्रै गर्छन् । यद्यपि, कानुनी रुपमा आवश्यक संख्या बाहेकको सहभागिता बढाउन उनीहरुले थप कुनै काम गरेका छैनन् । महिलालाई थोरै संख्यामा मात्रै उम्मेदवारी दिइन्छ र जति दिइन्छ महिलाको त्यसको अधिक संख्या उपप्रमुख पदका लागि मात्रै दिइएको तथ्यांकले देखाउँछ । सुनिने किस्साले भन्छन्, केही महिलाहरु प्रमुख पदमा कम प्रतिस्पर्धा हुने क्षेत्रमा वा त्यस्तो बेला उठाइन्छन् जुन बेला तिनीहरुले जित्ने सम्भावना एकदमै कम मात्रै हुन्छ । त्यसकारण, राजनीतिक दलले महिला राजनीतिज्ञलाई कम अवसर किन दिन्छन् भन्ने कारण थप जान्न जरुरी छ ।

# उद्देश्य

**यो अनुसन्धान परियोजनाका निम्न उद्देश्य छन् :**

१› प्रतिस्पर्धात्मक निर्वाचन क्षेत्रमा पुरुषभन्दा महिला उम्मेदवार कम रोजिएका छन् कि छैनन् अध्ययन गर्ने

२› नेपालको निर्वाचन २०२२ मा महिला उम्मेदवार पुरुषको तुलनामा ‘निर्वाचित हुने’ सम्भावना कम छ कि छैन अध्ययन गर्ने

३› महिला उम्मेदवार तथा निर्वाचित महिला उम्मेदवारले मनोनयनका बेला वा आफ्नो कार्यकालमा निर्वाचन क्षेत्र, स्थानीय संस्था वा आफू सदस्य भएको राजनीतिक दलबाट भोग्नु पर्ने चुनौतीहरुको पहिचान गर्ने ।

# अध्ययन विधि

अनुसन्धानका लागि यस अध्ययनले मिश्रित विधिको प्रयोग गरेको छ । दुईवटा परिकल्पना (हाइपोथेसिस) परीक्षणका लागि मात्रात्मक अनुसन्धान विधि (क्वान्टिटेटिभ रिसर्च मेथड) अपनाइएको छ । त्यसैगरी, दलबाट मनोनयन प्राप्त गर्न, निर्वाचन लड्न र जीत हासिल गरेको खण्डमा प्रमुख पद चलाउँदा सम्भावित महिला उम्मेदवारले भोगेका चुनौतीबारे अध्ययन गर्न गुणात्मक अनुसन्धान विधि (क्वालिटेटिभ रिसर्च मेथड)को प्रमुख उत्तरदातासँग अन्तरवार्ताको (कि इन्फरमेन्ट इन्टरभ्युज्) उपाय अपनाइएको छ ।

## अनुसन्धानको उद्देश्य १ : पक्षपातपूर्ण मनोनयन

**परिकल्पना : प्रमुख राजनीतिक दलले 'आशा नभएका/अप्रतिस्पर्धात्मक' सिटमा मात्रै महिला उम्मेदवारलाई ठाउँ दिन्छन् ।**

यस पद्धतिले मानेअनुसार प्रतिस्पर्धायुक्त सिट भन्नाले जित्ने वा दोस्रो हुने उम्मेदवारको जीतको (प्रमुख पदका लागि) अन्तर प्रतिशत १० भन्दा कम हुन्छ । ती निर्वाचन क्षेत्र तुलनात्मक रुपमा खुला नै हुन्छन् र उम्मेदवारले आफूले जित्ने सम्भावना 'साँच्चै' नै रहेको ठान्न सक्छन् । २०१७ मा भएको निर्वाचनअनुसार कुनै पालिकामा जीत—हारको अवस्था प्रतिस्पर्धापूर्ण छ भने २०२२ को निर्वाचनका लागि उक्त निर्वाचन क्षेत्रमा परिकल्पनाको परीक्षण (हाइपोथेसिस टेस्टिङ) गरिएको छ ।

परिकल्पना परीक्षणका लागि, हामीले अर्डिनरी लिस्ट स्क्वायर्ड (ओएलएस) रिग्रेसन विधि अपनाएका छौं । यसमा रिग्रेसनले पालिकाको प्रतिस्पर्धात्मक अवस्था र उम्मेदवारको लिंगबीचको सम्बन्ध विश्लेषण गर्छ, । यसो गर्दा निर्वाचन क्षेत्रको भूगोल, शहरीया वा ग्रामिणे निर्वाचन क्षेत्रको प्रकृति, उम्मेदवारको उमेर र प्रतिस्पर्धा गर्ने उम्मेदवारबीचको लिङ्गलाई यथावत राखिएको छ ।

## अनुसन्धान उद्देश्य २ : महिला उम्मेदवारको जीतको अवस्था

**परिकल्पना : प्रतिस्पर्धायुक्त सिटमा पुरुष उम्मेदवार भन्दा महिला उम्मेदवारको जित्ने सम्भावना कम हुन्छ ।**

यस अनुसन्धानको हकमा हामीले, निश्चित निर्वाचन क्षेत्रको उम्मेदवारको निर्वाचित हुने आधार त्यहाँ उसले पाएको मतसंख्या र त्यही निर्वाचन क्षेत्रमा उही दलको अर्को समवर्तीसँगको तुलनाबाट परिभाषित गरेका छौँ ।

पहिला चर्चा गरिए अनुसार, कुनै दलले प्रमुख र उपप्रमुख पदका लागि एउटै निर्वाचन क्षेत्रमा आफ्नो उम्मेदवार उठाएमा ती दुई पदमध्ये एक पदमा महिला हुनैपर्छ । र, निर्वाचनमा भोट हाल्ने प्रायः उही स्वतन्त्र मतदाताले प्रमुख र उपप्रमुखका लागि नै भोट हाल्छन् । एउटै पार्टीका प्रमुख र उपप्रमुख उम्मेदवार प्रायः साझा नभएपनि उस्तै दलको मञ्चबाट निर्वाचन लड्छन् । र हामीलाई पनि लाग्छ प्रमुख र उपप्रमुखको जोडीले पाउने मत संख्या उस्तै उस्तै हुन्छ । साधारणतया, ती जोडीले पाउने मतको भिन्नता भने लिंगसहितको व्यक्तिगत गुणमा भर पर्छ ।

त्यसैले यस अध्ययनले, महिला र पुरुष उम्मेदवारले पाएको मतको फरक तथ्यांकीय रुपमै महत्वपूर्ण छ कि छैन भनी जाँच्न एउटै पार्टीका तर फरक लिंगका उम्मेदवारले पाएको मतको paired T-Test गऱ्यो । अप्रतिस्पर्धात्मक सिटमा हुन सक्ने मनोनयनका कारण महिला उम्मेदवारले जित्ने सम्भावित पक्षधरतालाई निस्तेज पार्न अनुसन्धानले प्रतिस्पर्धात्मक सिटमा मात्रै सीमित भएर परीक्षण गऱ्यो । प्रतिस्पर्धात्मक सिटमा त्यस्ता जोडी उम्मेदवार ३७२ जना थिए ।

## अनुसन्धान उद्देश्य ३ : महिला उम्मेदवार/विजेताले भोगेका चुनौती

महिला उम्मेदवारले मनोनयन, चुनावी अभियान र (विजयी भएको भए) काम गर्दा भोगेका चुनौतीको विश्लेषण गर्न हामीले २७ जना प्रमुख उत्तरदातासँग प्रश्नावली (कि इन्फरमेन्ट इन्टरभ्युज, केआईआई) गरेका छौँ (सूचीका लागि तालिका ३ हेर्नुहोस्) । महिला उम्मेदवारले भोगेका चुनौतीबारे पहिचान गर्न प्रमुख उत्तरदातासँग प्रश्नावली (कि इन्फरमेन्ट इन्टरभ्युज, (केआईआई¥ )को परिणामलाई गुणात्मक अनुसन्धान विधिबाट विश्लेषण गरिएको थियो ।

कि इन्फरमेन्ट इन्टरभ्युजका सहभागी मनोनयनमा परेकाका प्रतिनिधि हुन् जो फरक फरक प्रदेश, भूगोल, जात, धर्म र दलमा रहेका छन् । तिनमा मनोनयनमा परेका र 'छनौट समिति'का प्रतिनिधि, पाँच राजनीतिक दल (नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी)का प्रतिनिधि र स्वतन्त्रहरू छन् जसले २०१७ र २०२२ को निर्वाचनमा भाग लिएका थिए । सञ्चारमाध्यम, निर्वाचन आयोग र अधिकारकर्मीजस्ता अन्य सरोकारवाला संस्थाबाट पनि प्रतिनिधि छनौट गरिएको थियो । यद्यपि, हरेक कि इन्फरमेन्ट इन्टरभ्युजको हरेक श्रेणीको संख्या २०२२ को स्थानीय निर्वाचनमा भाग लिएको दलको आकारको अनुपातसँग मिल्दैन ।

कि इन्फरमेन्ट इन्टरभ्युजलाई ट्रान्सक्राइब गरेपछि गुणात्मक अनुसन्धान गरिएको थियो । उद्देश्य १ र २ को परिणामको व्याख्याबाहेक उद्देश्य ३ बारे बताउन पनि यो विश्लेषणले मद्दत गरेको छ ।

**तालिका ३ : कि इन्फरमेन्ट इन्टरभ्युजमा सहभागीको सूची**

| श्रेणी | प्रमुख उत्तरदातासँग प्रश्नावली (कि इन्फरमेन्ट इन्टरभ्युज) (KII)को संख्या |
|---|---|
| छनौट समितिबाट नेताहरू | ५ |
| महिला उम्मेदवारहरू : पुनःमनोनित विजेता | ५ |
| महिला उम्मेदवारहरू : पुनःमनोनित नभएका विजेता | ४ |
| महिला उम्मेदवार : निर्वाचित नभएका र पुनःमनोनित भएका (२०१७ मा निर्वाचित नभएका, २०२२ मा मनोनित) | २ |
| महिला उम्मेदवार : निर्वाचित नभएका र पुनःमनोनयनमा नपरेका | २ |
| स्वतन्त्र महिला उम्मेदवार | १ |
| निर्वाचन आयोग | २ |
| महिला अधिकारकर्मी | २ |
| कानुनी विशेषज्ञ | २ |
| सञ्चारमाध्यम÷पत्रकार | २ |

# सीमितता

मनोनयनमा परेका महिलासँग मात्रै कि इन्फरमेन्ट इन्टरभ्युज गरिएको थियो, त्यसैले मनोनयन प्रक्रियामा नै छनौटमा नपरेका महिलाको विचारधारा यसमा समावेश छैन । कम्तिमा पहिलोपटक मनोनयनमा परेका महिला उम्मेदवार यस्ता पनि थिए जसले उपल्लो स्थानमा पुग्न रोक्ने तगारो भाँच्न एक हिसाबले सक्षम नै भएका थिए । यसको अर्थ के हो भने, सम्भावित महिला उम्मेदवारले भोगेका चुनौती अध्ययनले भनेको भन्दा अझ गहिरो अर्थमा आएको पनि हुन सक्छ ।

अध्ययनले राजनीतिक दल वा मनोनित वा निर्वाचित जनप्रतिनिधिको आँखाबाट मतदाताको दृष्टिकोणबारे पनि बताएको छ । अनुसन्धानले मतदातासँगै अन्तरवार्ता भने लिएको थिएन, बरु, कानुनका विशेषज्ञ र पत्रकारबाट सम्बन्धित ठाउँको वास्तविक अवस्थाबारे सोधखोज गरेको थियो । अनुसन्धानको निष्कर्षलाई मतदातासँग सर्वेक्षणले भरण गर्न सक्ला ।

अध्ययनको दोस्रो परिकल्पानाको सन्दर्भमा, यसले प्रमुख र उपप्रमुख पदको भोटको तुलना गर्छ जसमा उपप्रमुखहरु प्रायः महिला छन् । उम्मेदवार र राजनीतिक दलको सोचमा मतदाताले महिलाहरुलाई उपप्रमुख पदमा राख्नु ठीक हुन सक्छ भन्ठान्ने देखियो । त्यसैले, महिला र पुरुष उम्मेदवारको भोटको तुलनामा केही त्रुटि हुन सक्छन् । यस्तो त्रुटि सच्याउन, महिला उम्मेदवारको निर्वाचित हुने अवस्थालाई अनुसन्धानले तब मात्रै तुलना गर्छ जब प्रमुख पदको उम्मेदवार छुट्टाछुट्टै रुपमा महिला र पुरुष हुन्छन् ।

# नतिजा र विश्लेषण

## मनोनित

नेपालको संसदीय व्यवस्थाअनुरुप राजनीतिक दलहरु स्थानीय तहका लागि आफ्ना उम्मेदवार मनोनयन गर्न जिम्मेवार छन् । उम्मेदवार मनोनयनका लागि राजनीतिक दलका आफ्नै आन्तरिक प्रक्रिया र मापदण्ड छन् । **अनुसन्धानले पत्ता लगाए अनुसार, २०२२ को स्थानीय निर्वाचनमा प्रतिस्पर्धात्मक सिटका लागि पुरुष उम्मेदवारको तुलनामा महिला उम्मेदवारको मनोनयन निकै कम छ ।**

**तालिका ४ : २०२२ को स्थानीय निर्वाचनमा प्रतिस्पर्धात्मक र अप्रतिस्पर्धात्मक सिटमा महिला उम्मेदवारको मनोनयन**

| मापदण्ड | प्रतिस्पर्धात्मक सिट | अप्रतिस्पर्धात्मक सिट |
|---|---|---|
| कुल सिट | २८० (३७.२ प्रतिशत) | ४७२ (६२.८ प्रतिशत) |
| कुल मनोनित महिला | १५ (४.१ प्रतिशत)१ | ३४६ (९५.८ प्रतिशत)२ |
| कुल विजयी महिला | ७ (४६.६ प्रतिशत) | ७ (२ प्रतिशत) |

*स्रोत: Election Commission, 2022*

*१ प्रतिस्पर्धात्मक निर्वाचन क्षेत्रमा उच्च दुई स्थानमा आउने महिला उम्मेदवार*

*२ प्रमुख पदका स्वतन्त्र उम्मेदवार यसमा समावेश छैनन् ।*

२०२२ को स्थानीय तहको चुनावमा ३६१ मनोनित महिलामध्ये लगभग ४.१ प्रतिशत महिला उम्मेदवार प्रतिस्पर्धात्मक सिटका लागि मनोनयनमा परेका थिए भने ९५.८ प्रतिशत चाहिँ अप्रतिस्पर्धात्मक सिटमा मनोनित थिए । तथापि, प्रतिस्पर्धात्मक र अप्रतिस्पर्धात्मक सिटमा पुरुष उम्मेदवारको हिसाब क्रमशः ९५.९ प्रतिशत र ४.२ प्रतिशत छ । त्यसकारण, निष्कर्षले देखाउँछ, राजनीतिक दलका लागि प्रतिस्पर्धात्मक रहेका सिटमो पक्षपात ले  गर्दा महिलाहरुलाई कम ठाउँ दिइने गर्छ ।

बढी प्रतिस्पर्धात्मक पालिका (नगरपालिका) र पुरुषबीचको सम्बन्ध मूल्यांकन गर्न रिग्रेसन एनालिसिस गरिएको थियो, यसो गर्दा अन्य भेरिएबललाई स्थिर राखिएको थियो ।

**तालिका ५ : लिंग तथा प्रतिस्पर्धात्मक अवस्थाका लागि अर्डिनरी लिस्ट स्क्वायर्ड (ओएलएस) रिग्रेसन**

| इन्डिपेन्डेन्ट भेरिएबल्स | २०२२ को प्रमुख पदका उम्मेदवार (पुरुष) |
|---|---|
| **प्रतिस्पर्धात्मक पालिकाहरू** | २.४६८*** (०.३१२) |
| **सहरी÷ग्रामीण (सहरी = १)** | ०.३८१ (०.३२४) |
| **स्थिर** | ३.५१८*** (०.३२९) |
| **अवलोकन** | ६०६ (०.१२९) |
| **आर–स्क्वायर्ड** | 0.129 |

*साधारण त्रुटिलाई ब्राकेटमा राखिएको छ ।*

**** p<0.01, ** p<0.05, * p<0.1*

माथि गरिएको रिग्रेसन एनालिसिसले बताउँछ, पालिकाको प्रतिस्पर्धात्मक अवस्थाले महिलाहरुको प्रमुख पदको उम्मेदवारीमा प्रभाव पार्ने गर्छ । **अप्रतिस्पर्धात्मक पालिकामा भन्दा प्रतिस्पर्धात्मक पालिकामा पुरुष उम्मेदवारको संख्या महिलाको भन्दा २.५ गुणा बढी छ र यो अन्तर उल्लेखनीय छ (९९ प्रतिशत कन्फिडेन्स इन्टरभलमा)** । अप्रतिस्पर्धात्मक पालिकामा भन्दा प्रतिस्पर्धा बढी हुने पालिकामा पुरुष प्रमुख हुने उम्मेदवार हुने सम्भावना २.५ गुणा बढी छ । यो तथ्यांकगत रुपमा विसंगत हुन यसको कोरिलेसन बलियो भएको देखिन्छ । यसले प्रस्ट भन्छ, नेपालका प्रमुख राजनीतिक दल निर्वाचनमा उम्मेदवारी कायम गर्ने कुरामा लैंगिक रुपमा पक्षपातपूर्ण व्यवहार गर्छन् । त्यसकारण, महिला उम्मेदवारलाई धेरै नोक्सानी भइरहेको छन् । त्यसैले पनि प्रमुख पदको सन्दर्भमा पुरुष भन्दा महिलाको मनोनयन कम हुन्छ र जहाँ महिलाहरु मनोनयनमा पर्छन त्यो क्षेत्र अप्रतिस्पर्धात्मक हुने सम्भावना पनि धेरै छ । र, मनोनयनमा पर्ने र राजनीतिक दल आफैंले पनि मनोनयनको बेला पक्षपात भएको छैन भन्दा पनि यस्तो भेद अद्यापि कायम छ ।

## जित्ने सम्भावना

महिला उम्मेदवार प्रमुख पदका लागि मनोनयनमा पर्ने कुरा प्राय आश्चर्यजनक रुपमा लिइन्छे । उनीहरुले उनीहरूले जित्ने सम्भावनामा पनि संशय नै राखिन्छे, जुने प्रतिस्पर्धात्मक सिटमा महिला उम्मेदवारको संख्याले बताउछे (तथ्य तालिका ४ मा देखाइएको छ) ।

२०२२ को स्थानीय निर्वाचनमा प्रतिस्पर्धात्मक सिटमा महिला र पुरुष उम्मेदवारले पाएको मतमा औषतमा केही फरक छ वा छैन भनि जाँच्न paired T-test गरिएको थियो । तल दिइएको तालिकाले paired T-test को परिणामबारे बताएको छ । पेयर १ ले देखाएअनुसार प्रमुख पदका लागि पुरुष र उपप्रमुख पदका लागि महिलाको मनोनयन भएको छ । ठीक उल्टो, पेयर २ मा देखाइएको छ, प्रमुख पदमा महिला छन् र उपप्रमुख पदमा पुरुष । पेयर १ का लागि ३५८ जोडी र पेयर २ का लागि १४ जोडी थिए ।

परिणामका अनुसार, समवर्ती उपप्रमुखमा लडेका महिला उम्मेदवारले भन्दा प्रमुख पदमा मनोनयनमा परेका पुरुष उम्मेदवारले औसतमा २०० मत थप पाएका थिए । र, त्यो पाएको थप मत संयोग मात्रै थिएन । मतांकको भिन्नता तथ्यांकीय रुपमा ९५ प्रतिशत नै confidence level मा महत्वपूर्ण हो । यसैले, उपप्रमुख पदका महिला उम्मेदवार प्रमुख पदका लागि पुरुष उम्मेदवारभन्दा निर्वाचित हुने सम्भावनामा कम थिए ।

**तालिका ६ : एउटै दलबाट मनोनयनमा परेकाहरुको लिंग र मतको** paired T-test

| | | | | Significance | |
|---|---|---|---|---|---|
| | | N | Correlation | One-sided p | Two-sided p |
| Pair 1 | प्रमुख पद (पुरुष) — उपप्रमुख (महिला) | ३५८ | ०.९८ | <.००१ | <.००१ |
| Pair 2 | प्रमुख पद (महिला) — उपप्रमुख (पुरुष) | १४ | ०.९८ | <.००१ | <.००१ |

| | | Paired differences | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | 95% Confidence interval of the difference | | | | Significance | |
| | | Mean | Std. deviation | Std. error mean | Lower | Upper | t | df | One-sided p | Two-sided p |
| Pair 1 | प्रमुख पद (पुरुष) — उपप्रमुख (महिला) | १९९.४०२ | ७८३.४०१ | ४१.०४ | ११७.९७६ | २८०.८२९ | ४.८१६ | ३५७ | <.००१ | <.००१ |
| Pair 2 | प्रमुख पद (महिला) — उपप्रमुख (पुरुष) | —३२४.६४३ | १२९७.१७ | ३४६.६८३ | —१०८३.६०७ | ४१४.३२१ | —०.९६५ | १३ | ०.१७६ | ०.३५२ |

*स्रोत : लेखकको हिसाब*

यद्यपि, यसलाई परिप्रेक्ष्य अनुसार हेर्नु पर्छ । पहिलो कुरा, प्रमुख पदमा जित्ने उम्मेदवारको औषत मत ६९५० थियो भने उपप्रमुख पदमा विजयी उम्मेदवारको औसत मत ६४१९ थियो । दोस्रो कुरा, प्रमुख र उपप्रमुख पदमा जित्ने उम्मेदवार र दोस्रो हुने उम्मेदवारले पाएको मतको अन्तर लगभग १५०० थियो (१४५७ मत प्रमुखका लागि भने १४७२ मत उपप्रमुखका लागि) । त्यसकारण, महिला र पुरुष उम्मेदवारले पाएको २०० मतले धेरैजसो निर्वाचन क्षेत्रमा महत्वपूर्ण प्रभाव पार्ने सम्भावना निकै कम थियो ।

यसबाहेक, दलले महिलालाई प्रमुख पदमा र पुरुषलाई उपप्रमुख पदमा मनोनयन गरेका १४ जोडी थिए । यसमा पनि, पुरुष समवर्ती उम्मेदवारले महिलाले भन्दा औसतमा ३३५ मत बढी ल्याएका थिए । यद्यपि, भिन्नता भने तथ्यांकगत रुपमा ९५ प्रतिशत confidence interval तहमा थिएन । यस अवस्थामा स्याम्पल साइज भने सानो थियो ।

एउटा 'निकै भिन्न' कुरा के थियो भने, विरेन्द्रनगर नगरपालिकामा उपप्रमुख पदका लागि पुरुष उम्मेदवारले प्रमुख पदकी महिला उम्मेदवारले भन्दा ४००० मत बढी पाए । त्यसैले paired T-testले देखाए अनुसार, उपप्रमुख पदका पुरुष उम्मेदवार भन्दा प्रमुख पदका महिला उम्मेदवारले पाएको मतमा तथ्यांकगत रुपमा ठुलो भिन्नता छैन ।

समग्रमा, महिलाहरु प्रमुख पदका लागि होइन उपप्रमुख पदका लागि लड्दा जित्ने सम्भावना सिमान्त रुपमा मात्र कम हुने देखिन्छ । त्यसैले दलले महिलालाई प्रमुख पदका लागि र पुरुषलाई उपप्रमुख पदका लागि चुनावमा लड्न मनोनयन गराउन सक्छन् । तथ्यांक अनुसार, यसो गरे दलले जित्ने सम्भावनामा सम्झौता गरेको ठहरिँदैन ।

## नतिजा र विश्लेषण

### मनोनयन प्रक्रियामा लैंगिक विभेद

तथ्यांकले प्रस्ट रुपमा पक्षपात देखाए पनि प्रमुख राजनीतिक दल भने उम्मेदवार मनोनयन गर्दा आफूहरुले लैंगिक विभेद नगरेको दाबी गर्छन् । एउटा दलको छनोट समितिका सदस्यले अन्तरवार्तामा (KII, ५) भने :

> 'हामीले उम्मेदवार मनोनयन गर्दा सम्बन्धित उम्मेदवार पुरुष कि महिला भन्ने मतलब गर्दैनौँ । हाम्रा लागि सो उम्मेदवारले जित्ने सम्भावना छ कि छैन भन्ने मात्रै सरोकार हुन्छ ।'

एकजना महिला उम्मेदवारले पनि बताइन्, मनोनित नहुनुमा उनको लिंग कारण होइन । २०७ को स्थानीय निर्वाचनमा प्रमुख पदकी उम्मेदवारले (KII,१८) भनिन् :

> 'लिंगले निर्धारण गरेको भए यस्तो प्रतिस्पर्धात्मक सिटमा म मनोनित हुने थिइनँ । मनोनित हुनुको कारण त पार्टीमा मेरो सुरुदेखिको आबद्धता, पूर्व अनुभव र नागरिकलाई प्रभाव पार्न सक्ने मेरो क्षमताले हो ।'

अन्तरवार्ता लिइएका १४ महिलामध्ये दुईजनाले मात्रै आफू महिला भएकाले टिकट पाउन कठिन भएको बताए ।

राजनीतिक दलको दाबी र तथ्यांकले बताउने यथार्थबीचको बेमेलका कारण मनोनयन प्रक्रियामा संरचनागत विभेद हुन्छ । दलहरुले मनोनयन प्रक्रियामा अपनाउने नीति र उम्मेदवार मनोनयन गर्दाको मापदण्ड आफैँमा विरोधाभाषपूर्ण छ, किनभने, प्रक्रिया र मापदण्ड दुइटैले पुरुष उम्मेदवारलाई अत्याधिक रुपमा समर्थन गर्दछ ।

स्थानीय तहका निर्वाचनमा उम्मेदवार मनोनयन गर्न केही राजनीतिक दलले स्थानीय तहमा बुथ कमिटी (स्थानीय नेतासहितको उम्मेदवार छनौट समिति) बनाउँछन्, अन्यले स्थानीय तहकै यथावत कमिटिलाई खटाउँछन् । अन्तरवार्ता लिइएका सबैजसो राजनीतिक दलले बताएअनुसार तिनले सबै कानुनी प्रक्रियासहित महिलालाई पनि समेटेर समिति बनाएका हुन् । राजनीतिक दलका सबै समितिमा ३३ प्रतिशत महिला सहभागिता हुनै पर्ने प्रावधान छ, जसलाई सबैले लगभग पूरा गर्छन् नै । तर त्यसो गर्दा, सम्बन्धित क्षेत्रमा चाहिने संख्यामा महिलाको अभाव हुँदा कहिलेकाहीँ समितिको आकार नै सानो बनाइदिन्छन् । यसले महिलाको राजनीतिक अवसरको ढोका अझ बन्द गरिदिन्छ र सक्रिय राजनीतिक सहभागिताको सम्भावना सीमित गरिदिन्छ । दलको छनौट समितिकी एकजना महिलाका (KII, १) अनुसार :

> 'हामीले कानुनका सबै आवश्यकता पूरा गरेका छौँ । हाम्रो पार्टीमा सबै तहमा महिलाका लागि ३३ प्रतिशत सिट पूरा छ । कुनै क्षेत्रमा महिलाको संख्या थोरै हुँदा त्यहाँको समितिको आकार पनि साना छन् तर महिलको सिट पुरुषलाई दिइएको भने छैन ।'

यस्ता समितिमा महत्वपूर्ण निर्णय लिँदा महिला राजनीतिज्ञले आफ्नो आवाज नसमेटिएको गुनासो गर्छन् । महिलाहरु सदस्य पदमा मात्र सिमित हुदै गर्दा, उनीहरुको भनाई निर्णय लिदा वा उम्मेदवार छनोट प्रक्रियामा खासै सुनिदैन ्। पुरुषहरुले भने निर्णय लिदा वा उम्मेदवार छनोट प्रक्रियामा प्रमुख वा सचिव जस्ता प्रभावशाली स्थान ओकटेका हुन्छन् । दलको छनोट समितिकी एकजना महिलाले भने अनुसार (KII, ४) :

> 'समावेशिताको सिद्धान्तको वकालत गर्ने यो देशको पहिलो पार्टीमध्येको हाम्रो थियो तर महिलाको वास्तविक समावेशिता वा अर्थपूर्ण सहभागिता कार्यान्वयन गरिएको छैन । हामीलाई बोल्ने अवसर कम नै दिइन्छ, र बोले पनि पुरुष

> सहकर्मीको आवाज जति महत्वपूर्ण रुपमा लिइन्छ, हाम्रो आवाजलाई त्यत्तिको महत्व दिइन्न ।

पुरुषहरुको प्रभावशाली भूमिकाले गर्दा पनि महिलाहरुको कम मनोनयन हुने गर्छ किनभने दलका वरिष्ठ नेतासँग बलियो सम्बन्ध हुनु पनि मनोनयनमा पर्नुको कारण रहने गर्छ । अन्तरवार्ता दिएकी एकजनाले भनिन् (KII, ४):

> 'पार्टीका माथिल्ला तहका वरिष्ठ नेतासँग उठबस भएका उम्मेदवारले मनोनयन प्रक्रियामा फाइदा पाउछन् । तर महिलाहरुको यस्तो कमै सम्बन्ध हुने गर्छ किनभने पार्टीका वरिष्ठ नेताहरु लगभग सबै पुरुष नै छन् ।'

अझ, आफू मनोनित भएको भए चुनाव जित्ने कुरा पुन:मनोनयनमा नपरेका महिला उम्मेदवारले उल्लेख गरेका थिए । गठबन्धन र राजनीतिक दलको उम्मेदवारको फेरिएको रोजाइ जस्ता कुराले ती महिलाहरुको मनोनयनमा प्रभाव परेको थियो । जस्तै, २०१७ मा प्रमुख पदका लागि ३६८ जना महिला मनोनित भएका थिए भने २०२२ मा संख्या घटेर ३६१ भएको थियो । यसैगरी, उपप्रमुख पदमा पनि २०१७ मा ३५९३ संख्या महिला उम्मेदवारको थियो भने २०२२ मा घटेर ३०६६ भएको थियो । यसले के बताउँछ भने, कानुनले बाध्य नपार्ने हो भने राजनीतिक दलले चुनावी गठबन्धनमा हुदो पुरुषलाई नै अत्यधिक रुपमा मनोनित गर्न सक्छनरे् । यसो हुनुको कारण, स्थानीय निर्वाचन ऐन २०१७ को १७ (५) मा भएको छिद्र हो । ऐनका अनुसार, दलले प्रमुख वा उपप्रमुख पदमा दुवै उम्मेदवार आफूले उठाउँदा एकजना महिला हुनुपर्ने प्रावधान छ तर कानुनी लूपहोले गर्दा त्यही दलले एकजना मात्रै यी पदमा उठाउँदा महिलालाई ठाउँ दिनै पर्ने व्यवस्था नअपनाए पनि हुन्छ ।

## चुनावी खर्च र सम्पत्ति

छनौट समितिका सदस्यसँग लिइएको अन्तरवार्ता (KII) ले देखाएअनुसार मनोनयन गर्दा उसले हेर्ने प्रमुख कुरा उम्मेदवारको जित्ने क्षमता, पार्टीप्रतिको निष्ठा, समाजमा लोकप्रियता र मतदाताको मुद्दाको बुझाई हुन् । यी मध्ये जित्ने क्षमता नै प्रमुख मापदण्ड हो, भन्ने कुरा पार्टीको छनोट समिति सदस्यको भनाइ छ :

> 'चुनावमा राजनीतिक दलको एकमात्र ध्याउन्न भनेको चुनाव जित्नु नै हो ।'

राजनीतिक दलले मुख्य गरी उसको उम्मेदवारले जित्ने क्षमता छ कि छैन भनेर जाँच्ने तरिका उसले चुनावमा कति खर्च गर्न सक्छ भन्ने नै हो । अन्तरवार्तामा हामीलाई भनिए अनुसार, हिजोआज चुनाव अति नै खर्चिलो भइरहेको छ र चुनावी अभियान पनि भारी भइरहेका छन् । फलतः यसको भार महिला र पुरुष दुवै उम्मेदवारमा परिरहेको छ । यसको अर्थ के हो भने, राम्रो आर्थिक स्रोत भएका वा पैसा उठाउन सक्ने (फन्ड रेजिङ) क्षमता भएकाले चुनाव जित्ने ठूलो सम्भावना छ । यसले महिला उम्मेदवारलाई बढी नै हानी गरेको छ किनभने सामान्यतया महिलाको पारिवारिक प्रभाव र आर्थिक स्रोतसँगको पहुँच हुने सम्भावना कम हुन्छ ।

२०२१ को जनगणना अनुसार २३.८ प्रतिशत परिवारमा महिलाको नाममा जमिन र घर छ । सम्पत्तिमा स्वामित्व भएपनि निर्णयकारी भूमिका छ वा छैन भन्ने कुरा अझै प्रस्ट छैन । द इन्टरनेसनल अर्गनाइजेसन फर माइग्रेसन (आइओएम)को २०१६ मा भएको अध्ययन "Barriers to Women's Land and Property Access and ownership in Nepal" ले देखाएको छ :

> 'आफ्नो नाममा भएको सम्पत्तिमाथिको नियन्त्रण महिलामा छैन भन्ने कुरा पटकपटक देखिएको छ र त्यस्तो सम्पत्तिको कारोबारको पारिवारिक निर्णय पुरुषले नै गर्छन्, चाहे बाबुले वा श्रीमान्ले वा छोराले ।'

परम्परागत लैंगिक भूमिका र पितृसत्ताले महिलाले घर बाहिर काम गर्ने र आम्दानी गर्ने कुरालाई रोकी रहेकै छ । २०२२ को विश्व बैंकको तथ्यांक अनुसार २०२० मा नेपालका महिलाको श्रम शक्तिमा सहभागिता ४३.६ प्रतिशत र पुरुषको सहभागिता ८१.१ प्रतिशत

छ । यसले पुरुषको तुलनामा महिलाको आर्थिक स्रोत र अवसरसँग पहुँच सीमित छ भन्ने जनाउछ । यस्तो आर्थिक असमानताले महिलालाई राजनीतिक वा कुनै पनि किसिमको कामका लागि आम स्तरबाट पैसा उठाउन गाह्रो बनाउछ ।

अध्ययनबाट के पनि पत्ता लाग्यो भने, अभियान सञ्चालनका लागि रकम संकलन गर्न महिलालाई अति नै कष्ट झेल्नु पर्ने हुन्छ । यसको कारण के हो भने, फन्डिङ (वित्तपोषण) सञ्जाल, व्यापारी, प्रभावशाली व्यक्तित्व, जो खासगरी पुरुष नै हुन्छन्, उनीहरुसँग महिलाको नजिकको सम्बन्ध हुँदैन । अझ, उनीहरुलाइ लाग्छ, नेतृत्व तहका महिलासँग सम्पर्क बढाउन गाह्रो हुन्छ । त्यसैले यस्ता संस्था वा व्यक्तिले महिलालाई सहयोग गर्ने सम्भावना कमै हुन्छ । २०१७ मा प्रमुख पदका एक प्रत्यासीले (KII, १८) हामीलाई बताएअनुसार :

> ‘म २०१७ को निर्वाचनमा विजय भइनँ किनभने मेरो समुदायका प्रभावशाली व्यक्तित्व, खासगरी पुरुषले के ठाने भने महिला विजयी भएको खण्डमा उनीहरुसँग सम्पर्क बढाउन र सरसहयोग माग्न अप्ठ्यारो हुन्छ ।’

## लैंगिक मान्यता र सामाजिक घुलमिल

महिला उम्मेदवारलाई प्रभाव पार्न सक्ने लैंगिक मान्यता विवाह हो (KII, ६ र KII, १२) । समाजको अपेक्षा अनुसार महिलाहरुले विवाहपछि आफ्नो श्रीमानको घरमा (जुन फरक स्थानमा रहने गर्छ) बसाई साराई गर्छन्  । यसले महिलालाई राजनीतिक आकांक्षा राख्न र निर्वाचनका बेला मनोनित हुन अप्ठ्यारो पार्छ । यसको अर्को बेफाइदा के छ भने, मतदाताले ‘बाहिरिया’ भन्ने ठान्दिनाले यी महिला उम्मेदवारलाई भोट नहाल्ने सम्भावना हुन्छ ।

र त्यसैले, राजनीतिक रुपमा स्थापित हुन चाहने महिलाले कुनै ठाउँको स्थानीय पुरुषसँग निर्वाचनमा प्रतिस्पर्धा गर्दा थप सहयोग र साथ पाउन अझ कस्सिनु पर्ने हुन्छ ।

महिला राजनीतिज्ञहरु अनुसार, सामाजिक रुपमा घुलमिल हुनलाई ठानिने जाड रक्सी खाने जस्तो काम राजनीतिमा पनि सामाजिक सम्बन्धहरु जडान गर्न सामान्य तरिका भैसकेको छ । यद्यपि, सामाजिक नियम, पारिवारिक बन्देज र लैंगिक अपेक्षाले महिलालाई प्रायःजसो त्यस्तो क्रियाकलापमा संलग्न हुन पनि दकस लगाउँछ । २०२२ मा मनोनित नभएकी प्रमुख पदकी एकजना महिला (KII, ८)का अनुसार :

> ‘महिलालाई ८ बजेपछि घरबाहिर निस्कन बन्देज हुन्छ । यही कुरा महिला उम्मेदवारको हकमा पनि लागू हुन्छ जसले चुनावी अभियानमा असर गर्छ ।’

फरक लिंगका व्यक्तिबीचको मित्रता पनि प्रायः स्वीकारिँदैन र समाजले पनि राम्रो मान्दैन । एकजना उत्तरदाता (KII, ३)का अनुसार :

> ‘कुनै महिला नेतृलाई पुरुषसँग खासगरी रातीमा देखे भने त उनीहरुबीच अनुचित सम्बन्ध छ कि भनेर यताउता शङ्का गरिदिन्छन् ।’

राजनीतिक दलको बुझाइमा पनि घरायसी जिम्मेवारी र सामाजिक मान्यताले गर्दा महिला उम्मेदवारलाई सामाजिक सम्बन्ध बनाउन कम समय हुने गर्छ जुन दलको उपस्थितिका लागि नकारात्मक हुन्छ । परिणामतः यसले मतदातासँग नजिकको सम्बन्ध बनाउन पुरुष उम्मेदवारलाई सजिलो पार्छ । यस्ता खराब सामाजिक मान्यताले महिलालाई प्रभावकारी नेतासँग सम्बन्ध सहज बनाउन रोकेर निर्वाचनमा मनोनित हुने सम्भावना पनि क्षीण बनाउँछ ।

## अनुभव

**निर्वाचनमा जीत भएपछि पनि लैंगिक मान्यतासँग महिलाले लड्नु पर्छ जसले स्थानीय नेताका रूपमा तिनको क्षमतालाई बेवास्ता गर्छ ।** प्रमुखका रुपमा मनोनित/विजयी भएपनि महिलालाई मानिसहरुले उपप्रमुख नै भनि गलत रुपमा अथ्र्याउने गर्छन् । परासीबाट २०२२ मा निर्वाचित एकजनाले भनिन् (KII, १६) :

> 'नचिनेका मानिसले मलाई सीधै उपमेयर भन्छन् । कानुनले एउटा पदमा महिला हुनुपर्छ भनेको छ तर मानिसले भने सिधै उप्रमुख भनेकै महिला होला भन्ठान्छन् ।'

निर्वाचित महिलाले स्थानीय तहमा आफ्नो पद बारम्बार दोहोर्‍याएर भन्नुपर्ने अवस्था छ । यसको अर्थ के भने, मानिसहरु अझै पनि महिलालाई प्रमुख मान्न अनकनाउँछन् र महिलाको भूमिका उपप्रमुख नै होला भन्ने ठान्छन् ।

स्थानीय तहमा निर्वाचित महिलाले आफ्नो बलियो प्राथमिकताका रुपमा समुदायको सामाजिक विकासलाई जोडकासाथ राख्ने गरेका छन् । २०१७ पछि सबै स्थानीय तहले पूर्वाधार र प्रशासनिक रुपमा गर्नुपर्ने कामबाहेक निर्वाचित महिलाले महिला, बालबालिका, शिक्षा र स्वास्थ्यजस्ता एजेन्डालाई आफ्नो दह्रो प्राथमिकता पारेका छन् । केही उदाहरणका रुपमा, सुरक्षित घर (सेल्टर) निर्माण, बर्थिङ सेन्टरको निर्माण, गर्भपतनका क्लिनिक बनाउने काम, ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका आम नागरिकका लागि सुहाउँदो संरचना निर्माण हुन् । २०१७ को निर्वाचनमा निर्वाचित (तर २०२२ का लागि मनोनयनमा नपरेकी) रुकुमकी एकजनाले, हिंसा भोग्ने महिलाले सेल्टरका रुपमा प्रयोग गर्ने एउटा भवन बनाइन् जहाँ बसेर हिंसा भोगेको महिलाले सहयोग लिन सक्थे । कुनै पनि स्थानीय सरकारले बनाएको यही नै पहिलो सुरक्षित घर थियो ।

निर्वाचित महिलाले महिलाकै सवाल उठाउँदा सहयोग नपाएको उदाहरण पनि छ । बुटवलकी एकजना अधिकारकर्मीको (KII, २३) भनाइ :

> 'महिलाका विषय उठाउँदा महिला राजनीतिज्ञले साथ सहयोग पाउँदैनन् । महिला राजनीतिज्ञले महिला केन्द्रित  सही विषय उठाउँदा  अन्य राजनीतिज्ञले रुचाउँदैनन् । यस्ता विषय उठाइँदा मतदाता टाढिने डर हुनाले पनि पर्याप्त साथसहयोग पाइँदैन ।'

यस्तो अवस्थाले पनि स्थानीय महिलाले भोग्ने महिलाका विषय उठाउन र त्यसलाई प्राथमिकतामा पार्नबाट रोक्छ ।

यसैगरी, नजितेका उम्मेदवारलाई पनि फरक व्यवहार गरिएको पाइयो । निर्वाचन हारेका पुरुष उम्मेदवार र निर्वाचन हारेका महिला उम्मेदवारलाई सार्वजनिक रुपमा गर्ने व्यवहार फरक छ । चुनाव हार्दा पनि एउटै सामाजिक अवस्थामो पुरुष सहप्रतिस्पर्धीले सम्मान पाउदै गर्दा सोही अवस्थामा महिला उम्मेदवारले भने कडा आलोचना र प्रहार चुनाव हारेकी महिला उम्मेदवारले भोग्नुपर्छ । सिन्धुलीबाट निर्वाचन लडेर नजितेकी एकजना महिलाको कुरा अनुसार(KII, १७) :

> 'मेरो ठाउँमा चुनाव हारेको एकजना पुरुष भएको भए समाजमा उसले पाउने व्यवहार फरक र अझ राम्रो हुने थियो ।'

२०१७ को निर्वाचनमा विजयी महिला उम्मेदवार जो २०२२ को निर्वाचनमा मनोनित भएनन्, उनीहरु संघीय चुनावै किन न होस्, प्रत्यक्ष निर्वाचित भएर आफ्नो राजनीतिक भविष्य जारी राख्न दृढ छन् । अन्तरवार्तामा सामेल एकजनाले भनिन् (KII, २३) :

> 'म चुनावमा फेरि लड्छु । समानुपातिक चुनावमा मेरो रुचि कहिल्यै रहेन । चुनाव

> जित्ने कुरामा म पक्का छु र आउँदो चुनावमा प्रत्यक्षमा भिड्ने मेरो उद्देश्य छ ।'

लैंगिक अवधारणाले ढाकेका वर्तमान चुनौती बाबजुद महिला उम्मेदवार आफ्नो सम्भावना र चुनाव जित्ने क्षमतामा ढुक्क छन् । आफ्नो सम्भावनालाई राजनीतिक दल र अन्य सरोकारवालाले पनि चिन्ने आशामा उनीहरु छन् । २०१७ को निर्वाचनमा विजयी एक प्रमुख अनुसार :

> 'अवसर र अधिकार दिइने हो भने महिलाले त पुरुषले जत्तिकै वा त्योभन्दा धेरै राम्रो काम गर्न सक्छन् ।'

# निष्कर्ष

स्थानीय निर्वाचन, २०२२ को प्रमुख पदमा मनोनित हुने महिला उम्मेदवारको संख्या सानो थियो । संख्यामा ३६१ जना मात्रै (पुरुष संख्या ३०९७ को तुलनामा) महिला निर्वाचनमा लड्न मनोनित भएका थिए । यसको अर्थ के भने, हरेक दुईवटा पालिकामा एकजना महिला प्रमुख पदमा निर्वाचन लड्न मनोनित भएका थिए भने पुरुषहरु चाहिँ हरेक पालिकामा चार जना थिए । यी मध्ये १५ जना महिला प्रतिस्पर्धात्मक सिटका लागि मनोनित थिए जुन सबै राजनीतिक दलबाट मनोनित महिलाको संख्याको ४.१५ प्रतिशत हुन आउँछ । महिलालाई मनोनित गर्ने सवालमा कुनै पनि राजनीतिक पार्टीले राम्रो गर्न सकेनन् (हेर्नूस् अनुक्रमणिकाको तालिका ९) ।

सबै दलले दाबी गरेका थिए तिनको मनोनयन प्रक्रिया लैंगिक रुपमा तटस्थ छ । साथै महिला उम्मेदवारहरु को पनि बलियो दाबी थियो कि वहाहरुको मनोनयनमा लिंगको सवाल थिएन । तर तथ्यांकले भने फरक परिणाम देखाएको छ । २०२२ को स्थानीय निर्वाचनमा राजनीतिक दलले प्रमुख पदमा प्रतिस्पर्धात्मक सिटभन्दा २.५ गुणा बढी अप्रतिस्पर्धात्मक सिटमा महिलालाई मनोनित गरेका थिए ।

यस अनुसन्धानले के निष्कर्ष निकाल्छ भने, राजनीतिक दलको दाबीको पनि केही आधार छ, तर महिला उम्मेदवारले उपप्रमुख पदमा लड्दा पाएको मतको भिन्नताको अंश अति कम हो, तर महिला प्रमुख पदमा लड्दा पाएको मत तुलनात्मक रुपमा खासै महत्वपूर्ण भने होइन । यस्तो भिन्नतालाई दलका नेताले नै बढाइचढाइ गर्छन् । यसले पनि महिला उम्मेदवारप्रति दलको पूर्वाग्रह देखाउँछ, मत तान्न सक्ने उम्मेदवारको क्षमताले मापन गरेअनुसार साँचो अर्थमा 'चुनिन सक्ने' वास्तविकता देखाउँदैन । राजनीतिक दलका नेता (प्रायःजसो पुरुष)को अवचेतनमा रहेको पितृसत्तात्मक विचारधाराको परिणामले आएको हुन सक्छ ।

परिणामले देखाउँछ, राजनीतिक दलको गलत बुझाइका दुई पाटा छन् । एक, उनीहरुले दलको मनोनयन प्रक्रिया लैंगिक रुपमा तटस्थ छ भनछन् तर अन्तरनिहितै लैंगिक विभेदले भने किन नहोस् बलियो गरी जरा गाडेको छ । दुई, महिलाहरु प्रमुखका रुपमा निर्वाचित हुने सम्भावना कम हुन्छ भन्ने बुझाई छ तर तथ्यांकले भने त्यस्तो देखाएन ।

महिलाहरुको सिमित उम्मेदवारीले राजनीतिक दलहरुको महिलाहरुको जित्ने सम्भावनामाथिको चिन्ता प्रस्ट झल्किन्छ । हामीले कुरा गरेका सबै राजनीतिक दलका नेताले भनेअनुसार मनोनयनका लागि उनीहरुको मापदण्डमा लैंगिकता नभई उम्मेदवारले चुनाव जित्ने  अवस्था, पार्टी नेतासँगको निकट सम्बन्ध र मतदातामाझको लोकप्रियतामा नै थिए । उनीहरुको जित्ने सम्भावनालाई उम्मेदवारले रकम संकलन गर्न सक्ने क्षमताले परिभाषित गरेका थिए ।

यद्यपि, निष्पक्ष देखिने यी मापदण्डजगलभले महिला उम्मेदवारलाई घाटा हुने गर्छ । सामान्यतया, आर्थिक स्रोतमाथि थोरै महिलाको नियन्त्रण हुन्छ र आर्थिक निर्णयमा (खासगरी सम्पत्ति बेच्ने) पनि प्रभाव कम हुन्छ । दलका नेतृत्वकर्ता तथा अन्य सदस्य (खासगरी पुरुष)सँग सामाजिक हुने अवसर पनि महिलाहरुसँग कम छ । लैंगिक मान्यता र परम्परागत सोचले दलका नेता र मतदातालाई कहिले र कसरी भेट्ने भन्ने कुरा सिमित गर्छ ।

अझ महत्वपूर्ण कुरा त के भने, दलहरुले महिलालाई उपप्रमुख पदका लागि मात्रै निर्वाचनका लागि मनोनित गर्ने गहिरो दुष्चक्र छ । यसको अर्थ के भैदिन्छ भने, अझ धेरै महिला उपप्रमुखमा निर्वाचित हुन्छन् र दलले पनि त्यसलाई मतदाताले महिलालाई उप्रप्रमुख कै रुपमा चाहेको संकेतका रुपमा लिन्छन् र महिलालाई उपप्रमुख पदका लागि मनोनयन गरिने उपक्रम चलिरहन्छ । यो चलिरहने प्रक्रिया भएपछि प्रमुख पदका लागि सक्षम महिलालाई पनि निर्वाचन मनोनयनमा पर्न कठिन बनाउँछ । आममानिसबाट महिला प्रमुखले लैंगिक असमानता भोगेको भएपनि, महिलाहरु नै प्रमुख पदका लागि पहिला मनोनित भए मतदाताले मत हाल्ने कुरा झल्किएको छ । त्यसकारण, परिवर्तनको मूल खाँबो राजनीतिक दल नै हुन् ।

महिला उम्मेदवारका लागि लैंगिक विभेद मनोनयन प्रक्रियामा मात्रै गएर टुंगिदैँन । उनीहरुले चुनाव हारे भने त कडा आलोचना भोग्नु पर्छ । कसैगरी विजयी भए भने पनि महिलाका विषय उठाउँदा समकक्षीबाट कम सहयोग मिल्छ । केही सरोकारवालाले तिनलाई उपप्रमुखकै रुपमा व्यवहार गर्छन् । यसकारण, सबै प्रतिरोध बाबजुद मनोनित हुनु वा निर्वाचन जित्नु नै महिला उदेवारमाथिको लैंगिक विभेद अन्त्य भएको अर्थ पनि होइन ।

राजनीतिक तहमा लैंगिक प्रतिनिधित्वको सुधारमा नेपालले लामो बाटो हिँडेको छ तर गुणस्तरीय परिवर्तनका लागि अझै लामो र दीगो लडाइँ बाँकी नै छ ।

# सुझाव

परिणामले प्रष्ट देखाएको छ, स्थानीय राजनीतिमा महिलाको सीमित सहभागिताको, खासगरी प्रमुख पदमा, प्रमुख कारक राजनीतिक दल हुन् । यद्यपि, महिलाका लागि अझ सुहाउँदो राजनीतिक मैदान बनाउन र चुनावी राजनीतिमा समान सहभागिता निर्माण गर्न अन्य सरोकारवालाको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहन सक्छ ।

## १) महिलाका लागि अनुकूल आरक्षण व्यवस्था

हालको आरक्षण व्यवस्थाले महिला प्रतिनिधित्वका लागि सघाएको त छ तर अभ्यासको तहमा हेर्दा त्यो उपप्रमुख पदका लागि मात्रै सीमित छ । महिलाले टिकट पाउनै पर्ने कानुनी प्रावधान छल्ने बाटो गठबन्धन गरेर चुनाव लड्ने उपाय दलहरूले पहिचान गरेका छन् । त्यो छल्ने बाटो बन्द गर्न, एक तिहाइ निर्वाचन क्षेत्रमा प्रमुख लड्न महिला नै रहनुपर्ने आरक्षणको व्यवस्था गर्नुपर्छ । हरेक चुनावमा चक्रिय आधारमा त्यस्ता निर्वाचन क्षेत्रबारे निर्णय गर्न सकिन्छ । महिलाहरू उपप्रमुख पदमा निर्वाचित हुने नयाँ आम सोच नबनेर माथिल्लो पदका लागि पनि आँट गर्नुपर्ने कुरा यसले सुनिश्चित पनि गर्छ ।

## २) राजनीतिक दल

अ) हरेक तहमा प्रमुख राजनीतिक दलको प्रतिनिधित्व समिति हुनुपर्छ । अहिले दलको सामान्य संरचनामा महिलाको संख्यात्मक प्रतिनिधित्व भएपनि महिलालाई प्रायः उपेक्षा नै गरिन्छ । गुणस्तरीय प्रतिनिधित्व सुनिश्चित गर्न दलले आफ्नो कमिटिमा रहेका प्रमुख पदहरू (अध्यक्ष, सचिव वा कोषाध्यक्ष)मा एकजना महिला राख्नुपर्छ ।

आ) पुरुषहरू प्रमुख पदका लागि र महिलाहरू उपप्रमुख पदका लागि हुन् भन्ने मान्यता मतदाताकै छ भन्ने गलत बुझाइबाट राजनीतिक दल र तिनका निकाय निस्कनु पर्छ । विडम्बना के छ भने, मतदाताहरूको सोचमा प्रगति भयो तर दलहरू पछि नै छन् । त्यसकारण, हरेक दलले आफ्ना सदस्य/कार्यकर्तालाई लैंगिकता सचेतना सम्बन्धी प्रशिक्षण दिनुपर्छ ।

इ) राजनीतिक दलहरुले ‘लैंगिक तटस्थ’ (जेन्डर ब्लाइन्ड) को मनोनयनको प्रावधान बदलेर ‘लैंगिक संवेदनशील’ (जेन्डर कन्सस) को प्रावधान राख्नुपर्छ । महिला उम्मेदवारलाई प्रोत्साहित गर्न सक्रियता नदेखाएसम्म महिला विरुद्धका संरचनागत अवरोध र पूर्वाग्रह कायम रहनेछन् । यसका लागि पहिलोपटक मनोनयनमा परेका महिलालाई उनी आबद्ध दलले आर्थिक सहयोग गराउन सक्छ वा महिलालाई पायक पर्ने समयमा दलको बैठक तथा चुनावी अभियान सञ्चालन गर्न सक्छ ।

ई) कुनै पनि महिला विवाह गरेर अर्को ठाउँमा गएपछि उनका लागि त्यहाँको पार्टी कमिटिमा समान तहको ठाउँका लागि प्राथमकितामा राखी पदस्थापन गर्न सकिन्छ ।

## ३) नागरिक समाज

राजनीतिमा महिला सहभागिता बढाउन र त्यसको तरिका सिकाउन नागरिक समाजले राजनीतिक दलसँग मिलेर सचेतना कार्यक्रम गर्न सक्छन् । महिलाको नेतृत्व पहिचान र विकासका लागि सानै उमेरबाट प्रशिक्षणहरू दिएर राजनीतिक दलसँग साझेदारी गर्न सक्छन् । यसको एउटा उदाहरण, सेन्टर फर दलित उमन (CDWN)सँगको सहकार्यमा इन्टरनेसनल फाउन्डेसन फर इलोक्टोरल सिस्टम (IFES)ले २०२१ बाट क्जभ ीभबमक नामक प्रशिक्षण कार्यक्रम सुरुआत गरेको छ । स्थानीय सरकारमा

निर्वाचित महिला उम्मेदवारको भूमिका बमोजिमको नेतृत्व बलियो बनाउन उनीहरूलाई सशक्तिकरणको तालिम दिन्छ (IFES, 2021)।

थप, राजनीतिक दल तथा सम्बन्धित सरकारी निकाय (जस्तै, महिला आयोग र निर्वाचन आयोग) तथा मन्त्रालयसँग सहकार्य गर्दै महिला भनेका उपप्रमुख पदका लागि मात्रै हुन् भन्ने बुझाइविरुद्ध तथा महिलाको संख्यात्मक प्रतिनिधित्वले मात्रै पनि राजनीतिक प्रक्रियामा गुणस्तरीय परिवर्तन ल्याउन सक्छ भन्ने बुझाईविरुद्ध लड्नु पर्छ ।

# थप अनुसन्धानका लागि बाटो

अ) प्रमुख पदका महिलाहरुले पुरुष समवर्तीको तुलनामा बरोबर काम गर्दै छन् वा झन् राम्रो काम गर्दै छन् वा राम्ररी काम गर्न सकेका छैनन् भन्ने विश्लेषण गर्न र पुरुष समवर्तीसँग महिलाको प्राथमिकताको तुलनाका लागि थप अनुसन्धानको खाँचो छ । यसले प्रमुख पदका महिला र पुरुषको क्षमता तुलना गरी शासन पद्धतिमा सुधार पहिचानका लागि हस्तक्षेप पहिचान गर्न सक्छ ।

आ) दलहरु मतदाताको पछि लागेका छन् कि छैनन भन्ने सुनिश्चित गर्न, दलले प्रगतिशिल एजेन्डा बोक्दैनन् कि नाइँ भन्ने थाहा पाउन मतदाताको दृष्टिकोणबारे अझ विस्तृत सर्वेक्षण जरुरी छ । अहिले, राजनीतिक दलले मतदाताबारे राखेको दृष्टिकोणसँग मतदाताले मत दिएको रेकर्ड मेल खाएको देखिदैन ।

इ) निर्वाचनमा महिला सहभागितामा  राजनीतिक दल, भौगोलिक, जात र जातीय संरचनाका विसंगतिका विश्लेषण गर्न थप अनुसन्धान जरुरी छ । वर्तमान व्यवस्थाले विभिन्न सामाजिक पृष्ठभूमिका महिलालाई मद्दत गरेको वा पछि पारेको छ भन्ने थाहा पाउन महिला सहभागिताका भेद बुझ्न जरुरी छ ।

ई) हामीले कुरा गरेका मनोनित महिला उम्मेदवारका नजिकका पारिवारिक सदस्य (बुवा वा श्रीमान्) सोही राजनीतिक दलका वरिष्ठ नेता थिए । मनोनयनमा परेका महिलाको पारिवारिक तथा व्यावसायिक पृष्ठभूमिको थप अनुसन्धानले राजनीतिमा आएका महिलाबारे थप कुरा बताउने थियो र महिला उम्मेदवारको संख्या थप गराउन हस्तक्षेप गरिनु पर्ने क्षेत्रको पहिचानमा पनि सघाउने थियो ।

उ) 'स्थानीय समिति'ले सिफारिस गरेका र दलले मनोनयन गरेका उम्मेदवारको व्यावसायिक व्यक्तिवृत्त (प्रोफेसनल प्रोफाइल)बारे थप अध्ययन गर्दा दलले कस्ता खालका उम्मेदवार चुन्छन् भन्ने कुराको जानकारी संग्कलन गर्न सहयोग हुन्छ । यस्ता व्यक्तिवृत्तमा उम्मेदवारका व्यक्तिगत आचरण, पारिवारिक परिप्रेक्ष्य, सामाजिक—आर्थिक स्तर, पूर्ववत व्यावसायिक अनुभव, दलमा संलग्नता आदिबारे जानकारी राख्नु पर्छ ।

# सन्दर्भ सूची


Adhikari, P. (2016) Barriers to Women's Land and Property Access and Ownership in Nepal. Kathmandu: International Organization for Migration (www.iom.int/sites/g/files/tmzbdl486/files/our_work/DOE/LPR/Barriers-to-Womens-Land-Property-Access-Ownership-in-Nepal.pdf).

Bateson, R. (2020) 'Strategic Discrimination'. Perspectives on Politics, 18(4), 1068-1087. (https://doi.org/10.1017/S153759272000242X).

Brechenmacher, S. and Hubbard, S. (2020) Breaking the Cycle of Gender Exclusion in Political Party Development. Washington DC: Carnegie Endowment for International Peace and National Democratic Institute (https://carnegieendowment.org/2020/03/24/breaking-cycle-of-gender-exclusion-in-political-party-development-pub-81345).

Election Commission (2018) Local Level Election Act. Kathmandu: Election Commission (https://election.gov.np/ecn/uploads/userfiles/sthaniyatahakonirwachanainpahilosansodhansahit.pdf).

Election Commission (2017) Nepal's Election History. Kathmandu: Election Commission (https://election.gov.np/source/Resources.pdf).

Corbett, C., Voelker, J.G., Cooper, M, et al. (2022) 'Pragmatic bias impedes women's access to political leadership'. PNAS(https://doi.org/10.1073/pnas.2112616119).

Election Commission (2018) . Pratinidhi sabha sadashya nirbachan, 2074 [House of representatives election, 2017]. Federal Kathmandu: Election Commission (https://election.gov.np/ecn/uploads/userfiles/ElectionResultBook/HoR2074.pdf)

Election Commission (2022a) Federal Parliament and Provincial Parliament Election, First-past the post Candidates Description. Kathmandu: Election Commission (https://election.gov.np/np/page/candidate-list-hor).

Election Commission (2022b). Federal Parliament and Provincial Parliament Election, First-past the post Candidates Description. Kathmandu: Election Commission (https://election.gov.np/np/page/candidate-list-hor).

Election Commission (2022c). Local Level Election Result 2017-2022. Kathmandu: Election Commission (https://result.election.gov.np/LocalElectionResult2079.aspx#)

Government of Nepal (1990) The Constitution of Nepal 1990. Kathmandu: Government of Nepal (https://constitutionnet.org/sites/default/files/1990_constitution_english.pdf).

Government of Nepal (2007) The Interim Constitution of Nepal 2007. Kathmandu: Government of Nepal (https://constitutionnet.org/sites/default/files/interim_constitution_of_nepal_2007_as_amended_by_first_second_and_third_amendments.pdf)

Government of Nepal (2015) The Constitution of Nepal 2015. Kathmandu: Government of Nepal (https://daobhaktapur.moha.gov.np/en/post/constitution-of-nepal-2072).

International Foundation for Electoral Systems (IFES) (2023). "She Leads" Women's leadership. (https://www.ifes.org/programs-initiatives/she-leads-womens-leadership-program).

Inter-Parliamentarian Union Parline (IPU) (2023) Global and regional averages of women in national parliaments. (https://data.ipu.org/women-averages).

MOWCSC (2020) A Progressive Journey to Gender Equality and Women's Empowerment Achievements of Nepal. Kathmandu: Ministry of Women, Children and Senior Citizen (https://mowcsc.gov.np/downloadfiles/OCz7iCOxqikIdQNpREjhO2pbqXilaQlz4BhM5scc-1625557539.pdf).

National Statistics Office (2023) National Population and Housing Census 2021. https://censusnepal.cbs.gov.np/results

Shrestha, A. and Phuyel, S. (2019) 'Women's Candidacy in Local Level Elections, 2017'. Dristikon: A Multidisciplinary Journal. 9. 1-19. DOI:10.3126/drishtikon.v9i1.31153.

Tamang, S., Karki, S.R., Acharya, A., et al. (2022) 'Beyond "Capacity": Gendered Election Processes, Networks, and Informality in Local Governments in Nepal'. Kathmandu: The Asia Foundation(https://asiafoundation.org/wp-content/uploads/2022/05/Nepal_Beyond-Capacity-Gendered-Election-Processes-Networks-and-Informality-in-Local-Governments.pdf).

Upreti, B. R., Upreti, D.and Ghale, Y. (2020) 'Nepali Women in Politics: Success and Challenges'. Journal of International Women's Studies, 21(2), 76-93(https://vc.bridgew.edu/jiws/vol21/iss2/8).

Welch, S. and Studlar, D. T. (1996) 'The Opportunity Structure for Women's Candidacies and Electability in Britain and the United States'. Political Research Quarterly, 49(4), 861–874 (https://doi.org/10.1177/106591299604900410).

World Bank (2020) 'Labour Force Participation Rate, Female (% of female population ages 15+) (modelled ILO estimates) - Nepal'. Washington DC: World Bank (https://data.worldbank.org/indicator/SL.TLF.CACT.FE.ZS?locations=NP)

# अनुक्रमणिका

**तालिका ७ : अध्ययनका लागि भएका २७ वटा KII का विस्तृत विवरण**

| अन्तरवार्ता संख्या | श्रेणी | अन्तरवार्ता दिनेको नाम | आबद्धता÷पद | स्थान |
|---|---|---|---|---|
| १ | छनौट समितिबाट नेताहरु | महिला उम्मेदवार : विजयीहरु पुन:मनोनित नभएका | केन्द्रीय समिति सदस्य, नेपाली कांग्रेस | सिरहा |
| २ | छनौट समितिबाट नेताहरु | महिला उम्मेदवार : विजयीहरु पुन:मनोनित नभएका | गण्डकी प्रदेश सभा सदस्य, केन्द्रीय समिति सदस्य, नेकपा एमाले | पर्वत |
| ३ | छनौट समितिबाट नेताहरु | महिला उम्मेदवार : विजयीहरु पुन:मनोनित नभएका | मधेस प्रदेश सभा सदस्य. प्रवक्ता, जसपा | सप्तरी |
| ४ | छनौट समितिबाट नेताहरु | महिला उम्मेदवार : विजयी नभएका तर पुन:मनोनित भएका | केन्द्रीय समिति सदस्य, नेकपा माओवादी केन्द्र, पूर्व सांसद् | चन्द्रागिरी, काठमाडौँ |
| ५ | छनौट समितिबाट नेताहरु | महिला उम्मेदवार : विजयी नभएका तर पुन:मनोनित भएका | प्रमुख कार्यकारीणी सदस्य, लोसपा | काठमाडौँ |
| ६ | महिला उम्मेदवार : विजयीहरु पुन:मनोनित भएका | महिला उम्मेदवार : विजयी नभएका तर पुन:मनोनित भएका | अध्यक्ष | नवलपुर |
| ७ | महिला उम्मेदवार : विजयीहरु पुन:मनोनित भएका | महिला उम्मेदवार : विजयी नभएका तर पुन:मनोनित भएका | पूर्व अध्यक्ष | चितवन |
| ८ | महिला उम्मेदवार : विजयीहरु पुन:मनोनित भएका | स्वतन्त्र उम्मेदवार | पूर्व अध्यक्ष | म्याग्दी |
| ९ | महिला उम्मेदवार : विजयीहरु पुन:मनोनित भएका | निर्वाचन आयोग | पूर्व मेयर | स्याङ्जा |
| १० | महिला उम्मेदवार : विजयीहरु पुन:मनोनित भएका | निर्वाचन आयोग | मेयर | रौतहट |
| ११ | महिला उम्मेदवार : विजयीहरु पुन:मनोनित नभएका (२०२२ को निर्वाचनमा लड्न अनिच्छुक) | महिला अधिकारकर्मी | अध्यक्ष | झापा |
| १२ | महिला उम्मेदवार : विजयीहरु पुन:मनोनित नभएका | महिला अधिकारकर्मी | पूर्व अध्यक्ष | रुकुम |
| १३ | महिला उम्मेदवार : विजयीहरु पुन:मनोनित नभएका | पत्रकार | पूर्व अध्यक्ष | सल्यान |
| १४ | महिला उम्मेदवार : विजयीहरु पुन:मनोनित नभएका | पत्रकार | पूर्व मेयर, प्रतिनिधि सभा सदस्य २०२२ | जुम्ला |
| १५ | महिला उम्मेदवार : विजयी नभएका तर पुन:मनोनित भएका | विज्ञ | मेयर | रौतहट |
| १६ | महिला उम्मेदवार : विजयी नभएका तर पुन:मनोनित भएका | विज्ञ | मेयर | परासी |
| १७ | महिला उम्मेदवार : विजयी नभएका तर पुन:मनोनित भएका | महिला उम्मेदवार : विजयीहरु पुन:मनोनित नभएका | उम्मेदवार | सिन्धुली |
| १८ | महिला उम्मेदवार : विजयी नभएका तर पुन:मनोनित भएका | महिला उम्मेदवार : विजयीहरु पुन:मनोनित नभएका | २०१७ मा उम्मेदवार, राष्ट्रिय सभाव सदस्य २०२२ निर्वाचन | कपिलवस्तु |
| १९ | स्वतन्त्र उम्मेदवार | महिला उम्मेदवार : विजयीहरु पुन:मनोनित नभएका | स्वतन्त्र उम्मेदवार | कैलाली |
| २० | निर्वाचन आयोग | महिला उम्मेदवार : विजयी नभएका तर पुन:मनोनित भएका | पूर्व प्रमुख निर्वाचन आयुक्त | काठमाडौँ |

| | | | | |
|---|---|---|---|---|
| २१ | निर्वाचन आयोग | महिला उम्मेदवार : विजयी नभएका तर पुनःमनोनित भएका | निर्वाचन आयुक्त | काठमाडौँ |
| २२ | महिला अधिकारकर्मी | महिला उम्मेदवार : विजयी नभएका तर पुनःमनोनित भएका | अधिवक्ता | पोखरा |
| २३ | महिला अधिकारकर्मी | महिला उम्मेदवार : विजयी नभएका तर पुनःमनोनित भएका | — | बुटवल |
| २४ | पत्रकार | स्वतन्त्र उम्मेदवार | पत्रकार | कोहलपुर |
| २५ | पत्रकार | निर्वाचन आयोग | पत्रकार | नेपालगन्ज |
| २६ | विज्ञ | निर्वाचन आयोग | डकुमेन्टेसन एन्ड लिटिगेसन अफिसर | कपिलवस्तु |
| २७ | विज्ञ | महिला अधिकारकर्मी | इन्टरनेसनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम | काठमाडौँ |

**तालिका ८ : प्रमुख पदका प्रतिस्पर्धात्मक र अप्रतिस्पर्धात्मक सिटमा २०२२ को स्थानीय चुनावमा राजनीतिक दलले गरेका मनोनयन***

| संख्या | राजनीतिक दल | प्रतिस्पर्धात्मक सिट | | अप्रतिस्पर्धात्मक सिट | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला |
| १ | नेकपा एमाले | १४८ | ६ ९३।९० प्रतिशत० | ४८० | ३६ ९६।९८ प्रतिशत० |
| २ | नेपाली कांग्रेस | १६३ | ५ ९२।९८ प्रतिशत० | ४२० | २० ९४।५५ प्रतिशत० |
| ३ | नेकपा माओवादी केन्द्र | ४६ | १ ९२।१३ प्रतिशत० | २४९ | ९ ९३।४९ प्रतिशत० |
| ४ | जनता समाजवादी पार्टी, नेपाल | १२१ | ४ ९३।२० प्रतिशत० | ३ | ० ९० प्रतिशत० |
| ५ | राष्ट्रिय प्रजातन्त्र पार्टी | १४४ | ११ ९७।१० प्रतिशत० | ७ | १ ९१२।५० प्रतिशत० |
| ६ | स्वतन्त्र | ६४ | १ ९१।५४प्रतिशत० | २ | ० ९० प्रतिशत० |
| ७ | नेकपा एकीकृत समाजवादी | १०३ | ३ ९२।८३ प्रतिशत० | ५ | ० ९० प्रतिशत० |
| ८ | अन्य | १५३ | ५ ९३।१६ प्रतिशत० | ६ | १ ९१४।२९ प्रतिशत० |

*स्रोत: निर्वाचन आयोग*

**हरेक निर्वाचन क्षेत्रमा उच्च तीन पदमा दलका उम्मेदवारको गणना गरिएको*

**ALiGN** | **Advancing Learning and Innovation on Gender Norms**

### About ALIGN

ALIGN लैङ्गिक न्याय र समानताप्रति प्रतिबद्ध अनुसन्धानकर्ता र बुद्धिजीबीहरूको अन्तर्राष्ट्रिय डिजिटल प्लेटफर्म र कार्यक्रम हो । यसले भेदभावपूर्ण लैङ्गिक मापदण्डहरूको बुझाइ र परिवर्तनका निम्ति नयाँ अनुसन्धान, अभ्यासबाट अन्तर्दृष्टि, र पहलहरूको लागि अनुदान प्रदान गर्दछ। सक्रिय र फैलिरहेको डिजिटल प्लेटफर्म, यसका कार्यक्रम र गतिविधिहरु मार्फत ALIGN ले उपलब्ध उत्कृष्ट ज्ञान र स्रोतहरुले हानिकारक लैङ्गिक मापदण्डहरूमा परिवर्तन सुनिश्चित गर्ने लक्ष्य राखेको छ।

### About this research

यो अनुसन्धानलाई क्रिएटिभ कमन्स एट्रिब्युसन 4.0 अन्तर्राष्ट्रिय इजाजतपत्रको लागि सार्वजनिक विषयको लागि इजाजतपत्र दिइएको छ।

### Disclaimer

यो अनुसन्धान प्रतिवेदन Advancing Learning and Innovation on Gender Norms (ALIGN) को प्रकाशन हो। यसमा व्यक्त विचार र जानकारी ALIGN का अथवा ALIGN र ODI ले अनुमोदित गरेका होइनन्। यस प्रकाशनमा व्यक्त विचार र जानकारीका लागि ALIGN र ODI जिम्मेवार हुने छैन।

### Copyright

© ALIGN 2023। यो काम क्रिएटिभ कमन्स एट्रिब्युसन - गैर-वाणिज्यिक-शेयरअलाइक 4.0 अन्तर्राष्ट्रिय इजाजतपत्र (CC BY-NC-SA 4.0) अन्तर्गत इजाजतपत्र प्राप्त गरिएको छ।

### Cover photo

परासी जिल्लाको सुनवल नगरपालिका मेयर विमला घिमिरे आफ्नो कार्यकक्षमा । © NIPoRe

**ALIGN Programme Office**
ODI
203 Blackfriars Road
London SE1 8NJ
United Kingdom

इमेल: **align@odi.org.uk**
वेब: **www.alignplatform.org**

**ALIGN विभिन्न अन्तर्राष्ट्रिय दाताहरूको आर्थिक सहयोग र ODI को नेतृत्वमा सन्चालित कार्यक्रम हो।**

ALiGN Advancing Learning and Innovation on Gender Norms

ODI